# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) वीरेन्द्रनगर, सुर्खेत, असोज १७ गते, २०८० साल (संख्या ७


## भाग-२

### कर्णाली प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

### सूचना

**कर्णाली प्रदेश प्रसारण (तेस्रो संशोधन) नियमावली, २०८०**

कर्णाली प्रदेश प्रसारण ऐन, २०७५ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम "कर्णाली प्रदेश प्रसारण (तेस्रो संशोधन) नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **कर्णाली प्रदेश प्रसारण नियमावली, २०७६ को नियम ७ मा संशोधनः** कर्णाली प्रदेश प्रसारण नियमावली, २०७६ (यसपछि "मूल

नियमावली" भनिएको) को नियम ७ को उपनियम (१) को खण्ड (घ) झिकिएको छ।

३. **मूल नियमावलीको नियम ८ मा संशोधनः** मूल नियमावलीको नियम ८ को,-

(१) उपनियम (१) को खण्ड (ग) झिकिएको छ।

(२) उपनियम (७) को सट्टा देहायको उपनियम (७) राखिएको छ।

"(७) उपनियम (६) बमोजिम निवेदन प्राप्त भएपछि महाशाखाले आवश्यक जाँचबुझ गरी इजाजतपत्र नवीकरण गर्नेछ।"

४. **मूल नियमावलीको नियम ९ मा संशोधनः** मूल नियमावलीको नियम ९ को उपनियम (५) मा देहायको खण्ड (ङ) थप गरिएको छः-

"(ङ) ईजाजत नवीकरणमा रोक लगाउने।"

५. **मूल नियमावलीको नियम १३ मा संशोधनः** मूल नियमावलीको नियम १३ मा देहायको उपनियम (३) थप गरिएको छः-

"(३) क्षमता वृद्धि वा ठाँउसारी गर्न मन्त्रालय समक्ष माग गर्दा टोपोग्राफिक नक्सा, प्रस्ताव र दस्तुर बुझाएको प्रमाण सहित निवेदन दिनुपर्नेछ।"

निर्णय भएको मितिः २०८०/०५/०८

आज्ञाले,
निधिराज न्यौपाने
प्रदेश सरकारको निमित्त सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित